# नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.
NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था)
केन्द्रिय कार्यालय, धादिङ्वेसी, धादिङ


प.स. :- २०७८/०७९ मिति : २०७८/०९/१३
च.नं. :- 220.

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिँहदरवार प्लाजा, काठमाडौँ ।

बिषय : आठौं वार्षिक साधारण सभाको सूचना सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७८/०९/०८ गते बिहिवार बसेको सञ्चालक समितिको १२४ औं बैठकको निर्णय अनुसार आठौं वार्षिक साधारण सभाको सूचना मिति २०७८/०९/१३ गतेको 'आर्थिक अभियान राष्ट्रीय दैनिक' मा प्रकाशन गरिएको विद्युतिय प्रति यसै पत्रमा संलग्न गरी जानकारीका लागि पठाईएको व्यहोरा हार्दिक अनुरोध छ ।

सहयोगको लागि धन्यवाद ।

भवदीय,

राम बहादुर यादव
प्रमुख कार्यकारी अधिकृत


निलकण्ठ-३, धादिङ्वेसी, धादिङ, फोन नं.: ०१०-५२०८७६, ५२०७६१, फ्याक्स नं.: ०१०-५२०९०४
(नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडले महिला सहयात्रा लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति (एक्विजिशन) गरेको)

# नेशनल माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
# NATIONAL MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LIMITED

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)
केन्द्रीय कार्यालय, धादिङवेशी, धादिङ
फोन: ०१०-५२०७६१/५२०८७६ फ्याक्स: ०१०-५२०९०४

को

## आठौं वार्षिक साधारण सभाको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०९/१३

यस वित्तीय संस्थाको मिति २०७८।०९।०८ गते बिहीबार बसेको सञ्चालक समितिको १२४औं बैठकको निर्णय अनुसार आठौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति : २०७८।१०।०६ गते बिहीबार, तदनुसार २० जनवरी, २०२२**

**समय : बिहान ११:०० बजे ।**

**स्थान : क्रिक रिसोर्ट, धादिङबेशी, धादिङ ।**

**छलफलको विषय सूचीः**

**क. सामान्य प्रस्तावः**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

(३) यस वित्तीय संस्थाको आर्थिक बर्ष २०७८/७९ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक के.ए.एस एसोसिएटस् चार्टर्ड एकाउण्टेन्टस् पूनः नियुक्तिको लागि ग्राह्य हुनु हुनेछ) ।

(४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७८ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु.४१,९०,५३,५५२।५० (रु. एकचालिस करोड नब्बे लाख त्रिपन्न हजार पाँच सय बाउन्न र पैसा पचास) को ०५ प्रतिशतले हुने नगद लाभांस रु.२,०९,५२,६७७।६३ वितरण गर्ने प्रस्ताव माथी छलफल गरि पारित गर्ने ।

**ख. विशेष प्रस्तावः**

(१) आ.व. २०७७/७८ को मुनाफाबाट १०:४ (अर्थात प्रत्येक १० कित्ता शेयर बराबर ४ कित्ता वा प्रत्येक शेयरको ४०% को अनुपातमा बोनश शेयर जारी गरी वित्तीय संस्थाको चुक्ता पूँजी रु.५८,६६,७४,९७३।५० (अक्षरुपी अन्ठाउन्न करोड छैसट्ठी लाख चौहत्तर हजार नौं सय तिहत्तर पैसा पचास) पुऱ्याउने ।

(२) यस वित्तीय संस्थाले इजाजतपत्रप्राप्त 'घ' बर्गका अन्य लघुवित्त बित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभिने (Merger) प्रयोजनको लागि आवश्यक भए समिति गठन गरि उपयुक्त वित्तीय संस्थाको पहिचान र छनौट गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सैद्धान्तिक स्वीकृतिको लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार कानुन परामर्शदाता, सम्पति तथा दायित्वहरुको मूल्यांकन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्यांकनकर्ता, तथा लेखापरीक्षक नियुक्त गर्ने, नीजहरुका पारिश्रमिक तोक्ने तथा प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभिने (Merger) संग सम्बन्धित प्रचलित कानुन तथा निर्देशन बमोजिम गर्नुपर्ने आवश्यक सम्पूर्ण कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने ।

(३) वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६ (ख) र (ग) तथा नियमावलीको दफा ३२(ख) मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरि पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समिति लाई अख्तियारी दिने ।

**(ग) विविधः**

**साधारण सभा सम्बन्धी अन्य सामान्य जानकारीः**

१. यस साधारण सभामा भाग लिन तथा लाभांस प्रयोजनको लागि संस्थाको शेयर दाखिल खारेजको काम मिति २०७८।०९।२७ गतेदेखि २०७८।१०।०६ गतेसम्म बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८।०९।२६ गतेसम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस संस्थाको शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुलेमात्र यस सभामा भाग लिन पाउने छन् ।

२. यस संस्थाको शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन पाउने छन् ।

३. लेखापरीक्षकको प्रतिवेदन सहित संस्थाको आठौं बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई हुलाक सेवा मार्फत पठाइनेछ । कथम कदाचित सो प्राप्त नभएमा प्रतिवेदनको लागि संस्थाको वेभसाइट www.nationalmicrofinance.com.np मा हेर्नुहुन वा संस्थाको केन्द्रीय कार्यालय धादिङवेसी धादिङ वा संस्थाको शेयर रजिष्ट्रारको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

४. सभामा भाग लिन प्रतिनिधी नियूक्ति गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा सुरु हुने समयभन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरि सक्नु पर्नेछ । सभामा भागलिनको लागि प्रतिनिधी नियुक्ति गरि सकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को मुकरर गर्ने भएमा सो को लिखित सूचना सोही अवधिभित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

५. नावालक तथा विछिप्त शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयरलगत किताबमा संरक्षकको रुपमा पहिले नाम उल्लेख भएको व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न पाउने छ ।

६. संयुक्त रुपमा शेयर खरिद गरिएको अवश्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्ती गरिएको एक व्यक्तिले मात्र भाग लिन पाउने छ ।

७. शेयरधनी महानुभावहरुको लागि हाजिरी पुस्तिका सभा हुने दिन बिहानको १०:३० बजेबाट सभामा खुला रहने छ ।

८. अन्य जानकारीको लागि कम्पनीको केन्द्रीय कार्यालय धादिङवेसी धादिङमा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**